# भाग ४

श्री ५ को सरकार

## सञ्चार मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४५।४।५ को निर्णयानुसार यस मन्त्रालय अन्तर्गतका केही विभाग र कार्यालयहरूको नाम परिवर्तन एवं नयाँ विभागको स्थापना गरी सो विभाग र कार्यालयहरूको काम कारवाई देहायबमोजिम तोकिएको छ ।

१. हालको "सूचना विभाग" लाई "प्रेस सूचना विभाग" भनी नामाकरण गरिएको छ ।

२. सूचना विभागबाट गरिआएका प्रकाशन तथा अन्य श्रव्य-दृष्य सामग्री उत्पादन सम्बन्धी कार्यहरू र श्री ५ को सरकारको छापाखानाबाट भैरहेका कार्यहरू गर्न एक मुद्रण तथा प्रकाशन विभाग स्थापना गरिएको छ ।

३. मुद्रण तथा प्रकाशन विभागअन्तर्गत ५ विकास क्षेत्रमा एक-एक क्षेत्रीय सूचना केन्द्र र बागमती तथा गण्डकी अञ्चलबाहेक अन्य बाह्र अञ्चलहरूमा एक-एक अञ्चलस्तरीय सूचना केन्द्रहरू खडा गर्ने र ती सूचना केन्द्रहरूले हाल सूचना विभागअन्तर्गत रहेका सूचना केन्द्रहरूले गरिआएका काम कारवाईहरूसमेत गर्ने।

४. हुलाक सेवा विभागअन्तर्गत १४ अञ्चलस्तरीय हुलाक नियन्त्रण कार्यालयहरू खारेज गरी ती कार्यालयहरूले गरिआएका सम्पूर्ण कार्यहरू सम्बन्धित क्षेत्रीय हुलाक निर्देशनालयहरूले गर्ने ।

५. काठमाडौंस्थित गोश्वारा हुलाकलाई "काठमाडौं जिल्ला हुलाक" भनी नामाकरण गरिएको छ ।

६. नेपाल अधिराज्यका छोटी हुलाकहरूलाई "इलाका हुलाक" भनी नामाकरण गरिएको छ ।

७. नेपाल अधिराज्यका अतिरिक्त हुलाकहरूलाई "गाउँ पञ्चायत हुलाक" भनी नामाकरण गरिएको छ ।

आज्ञाले,
विष्णुप्रताप शाह
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।